**मितिः २०७८/०३/१८ (2nd July, 2021)**

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## पासवर्डलाई कसरी सुरक्षित साथ राख्ने ?

आफ्नो पासवर्डलाई सुरक्षित साथ राख्न **निम्न उपायहरु अपनाऔं।**

१. धेरै वटा पासवर्डहरु स्मरण गरेर राख्न सम्भव नहुने भएकोले विश्वासिलो तथा भरपर्दो Password Manager को प्रयोग गरेर आफ्नो पासवर्डहरु सुरक्षित राखौं |

२. सकेसम्म offline password manager को प्रयोग गरौ र सो को एक प्रति अन्य उपकरणमा समेत नियमित Backup गरी राखौं |

३. Online Password Manager को प्रयोग गर्नु पर्दा Two Factor Authentication वा Multi Factor Authentication को प्रयोग गरौं |

४. Password Manager को लागि बलियो पासवर्ड (Strong Password) प्रयोग गरौं र उक्त पासवर्डलाई स्मरण गरी राखौं | साथै, Password Recovery को लागि आफ्नो मोबाइल नम्बर वा इमेलको प्रयोग गरौं |

५. Browser मा पासवर्डलाई Save गर्ने नगरौ | Browser को Password Auto Save लाई Disable गरौं |

६. धेरै वटा पासवर्डहरु स्मरण गरेर राख्न सम्भव नहुने भएकोले पासवर्डहरुलाई अरुले नबुझ्ने (Encryption) गरी कागजमा लेखी समेत सुरक्षित साथ राख्न सकिन्छ |

७. पासवर्डलाई आफ्नो इमेलमा Store/Save नगरौं | साथै, कसैलाई पनि Share नगरौं |


**Nepal Telecommunications Authority (NTA)**

**Cyber Security Task Force (NTACERT)**

**National Theatre Building, Jamal**

**Kathmandu, Nepal**

**Email: cert@nta.gov.np, URL: www.nta.gov.np**